सम्पर्क नं.: ९८५७८४४६०३/९८५७८४४६००

# त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लुहाम, सल्यान

कर्णाली प्रदेश, नेपाल

प.सं. :- प्र./२०७६।७७
च.नं. :-

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना
## प्रकाशित मिति २०७७।११।१२

त्रिवेणी गाउँपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको विवरण तथा तथ्याङ्क संकलन लगायतका कार्यका लागि देहायको संख्या र योग्यता भएका प्रशासनिक तथा प्राविधिक कर्मचारीहरुकरार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले शैक्षिक योग्यताका प्रतिलिपि कागजात सहित सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| १०।२०७७।७८ | संयोजक | अधिकृत छैठौं | १ एक |
| ११।२०७७।७८ | नापी सर्वेक्षक | सहायक पाँचौ | १ एक |
| १२।२०७७।७८ | कम्प्युटर अपरेटर | सहायक पाँचौ | १ एक |
| १३।२०७७।७८ | अमिन | सहायक चौथो | २ दुई |
| १४।२०७७।७८ | फिल्ड सहयोगी | तह विहिन | १ एक |

**१) आवश्यक न्युनतम शैक्षिक योग्यता**

क) संयोजकको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक वा सो सरह र कम्प्युटर सिपमा दक्षता भएको हुनुपर्ने।

ख) नापी सर्वेक्षकको हकमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त नापी सर्वेक्षक सम्बन्धी डिप्लोमा कोर्ा उत्तीर्ण गरेको हुनुपर्ने।

ग) अमिन हकमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त प्राविधिक प्रवेशिका परीक्षा टि.एस.एल.सी. उत्तीर्ण गरेको हुनुपर्ने।

घ) कम्प्युटर अपरेटरको हकमा प्रविणता प्रमाण-पत्र तह वा सो सरह दश जोड दुई उत्तीर्ण गरी मान्यता प्राप्त संस्थामा कम्प्युटर सीप सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको हुनु पर्ने।

२) नेपाली नागरिक।

३) करार सेवाको लागि कुनै पनि कानूनले अयोग्य नठहरिएको।

४) दरखास्त दिने अन्तिम मिति : २०७७।११।२६ गतेसम्म र अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट कार्यालय समयभित्र।

५) आवेदन दस्तुर : संयोजकको हकमा रु. १०००।-, सर्वेक्षक, अपरेटर, अमिनको हकमा रु. ५००।-, र फिल्ड सहयोगीको हकमा रु. ३००।-

६) छनौटको किसिम :- क) लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता।
ख) फिल्ड सहायक पदको हकमा अन्तर्वार्ता।

७) आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु-

- नेपाली नागरिकताको प्रतिलिपि।
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाण-पत्रको प्रतिलिपि।
- चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि।
- अनुभव सम्बन्धी प्रमाण-पत्रको प्रतिलिपि।

८) सम्पर्क मिति : २०७७।११।२७

९) परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।

वसुन्धरा पुन
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत